# चौथो अध्याय

# साम्पाङ राईको सामाजिक तथा आर्थिक जीवन पद्धति

यस अध्यायमा साम्पाङ राईका पारिवारिक, सामाजिक तथा आर्थिक पक्षहरुबारे प्रकाश पार्ने प्रयास गरिएको छ । तिनमा जातीय मान्यता, गोत्र, वर्जन, घरपरिवार, पारिवारिक कार्यविभाजन, आपसी नातासम्बन्ध, बसोबासको स्थिति, जीवनदर्शन, आर्थिक अवस्था, कृषिव्यवसाय आदि पर्दछन् । राई समुदायअन्तरगत पनि विभिन्न जातिहरुमा आ-आफ्नै सामाजिक मूल्यमान्यता छ । उनीहरुको धार्मिक जीवनपद्धति मूलरुपमा प्रकृतिपूजा भए पनि हिन्दू तथा बौद्ध धर्मको प्रभाव पनि त्यत्तिकै पाइन्छ ।

साम्पाङ राईहरुको परम्परागत पेशा कृषि र घरेलु इलम भए पनि यसमा केही परिवर्तन आएको छ । उनीहरुको जीवनपद्धति पनि बदलिँदै गएको देखिन्छ । यसबारे स्थलगत अध्ययनबाट प्राप्त सूचना र तथ्याङ्कहरुलाई आधार बनाएर तथ्य प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ४.१ सामाजिक संरचना

मानिसहरुको बसोबास, जनसङ्ख्या वितरण, विभिन्न जातजातिहरुसँग सम्पर्क तथा सम्बन्ध, आर्थिक अवस्था आदिले सामाजिक अन्तरसम्बन्धलाई प्रभावित पार्ने हुँदा सोहीअनुसार सामाजिक संरचनाहरु स्थापित भएका हुन्छन् । यसबारे मख्खन झाले आफ्नो पुस्तक एन इन्ट्रडक्सन टु एन्थ्रोपोलोजिकल थटमा हेरोडट्सको वर्णन गर्दै भन्छन्, “Herodotus was well travelled and had wide knowledge of the races and cultures of the world, Therfore, he was also called the father of history in the ancient Greek literature.” झाका अनुसार जातीय संरचनाको बारेमा हेरोडट्सको महत्वपूर्ण भूमिका रहेको छ । यसलाई लेखकले सन् १८३५ अगाडिको संरचनागत काल मानेका छन् ।[1] जनसंख्याको वितरणलाई होमान्सले सामाजिक संरचना एकआपसमा कार्यगत सम्बन्ध भएका इकाईहरुको

[1]. मखन झा, **एन इन्ट्रडक्सन टु एन्थ्रोपोलोजिकल थउट**, (न्यू देल्ही : विकास पव्लिशिङ् हाउस प्राइवेट लिमिटेड), वि. सं. २०४०, पृ. २

पूर्णता हो भनेका छन् ।[२] यसैअनुसार साम्पाङ राईजातिको सामाजिक संरचनाबारे लामो इतिहास थाहा नभए पनि विभिन्न समयकालहरु व्यतित गर्दै आजको युगमा आइपुगेको अनुमान गर्न सकिन्छ । यसअनुसार यो जातिको आर्थिक जीवनपद्धतिका संरचनाहरु निम्न प्रकारले निर्माण भएको छ :

**क) जातिगत मान्यता**

नेपालको पुरानो सामाजिक व्यवस्थामा केही समयपहिलेसम्म विशेषगरी कथित उच्च जाति भनिने ब्राह्मणहरुले किरात साम्पाङ राईहरुलाई छोइछिटो हाल्नुपर्ने अथवा केही तल्लो जातिको जातीय स्तरमा राखेको पाइन्छ । तर, यो मान्यता अहिले देखिँदैन । साम्पाङ राईहरुलाई कतिपयले आर्य जाति पनि बताएका छन् । यसबारे माथि उल्लेख भैसकेको छ ।

किरातहरु प्राचीन जातिको रुपमा चिनिएका र तत्कालिन समयमा शिकार गरेर जीवन गुजारा गर्ने भए पनि हाल आएर साम्पाङ राईहरु कृषि व्यवसाय, सामान्य घरेलु इलम, केही रोजगारी गर्ने जातिका रुपमा चिनिन्छन् । यो जातिमा हिन्दू मान्यताजस्तो उच्च र निचको वर्णव्यवस्था पाइँदैन ।

**ख) जाति तथा गोत्र**

किरात समुदायका पनि राई समुदायअन्तरगत पर्ने विभिन्न जातिहरुमध्येका एक जाति 'साम्पाङ' हो । यो जातिको बारेमा वैज्ञानिक अध्ययनअनुसन्धान नभएकाले पर्याप्त जानकारी पाइँदैन । यसकारण स्थलगत अध्ययनबाट प्राप्त सूचनालाई नै मुख्य आधार मान्नुपर्ने हुन्छ । साम्पाङहरुमा विभिन्न पाछा (उपजाति) र साम्मे (स्त्री-पुरुष छुटाउने प्राचीन सांकेतिक पहिचान) छ । साम्पाङ राईजातिको परिचय केलाउँदा पहिले उनीहरुको पाछा र साम्मे बुझ्नुपर्ने हुन्छ । सबै जातिका राईहरुको आ-आफ्नै जाति, पाछा र साम्मेहरु हुने गर्दछन् । यसरी यहाँ 'किरात' तथा 'राई' भन्नाले एउटा जातीय समुदाय बुझिन्छ भने यसै राई समुदायभित्र पनि विविध संस्कारहरु रहेका छुट्टै समूहलाई जातिको

[२]. जर्ज सी. होम्मान्स, **ह्वाट डु वी मिन बाइ सोसियल "सट्रक्चर ?"** (पिटर एम. ब्लाउ. इड. लण्डन : ओपन बुक), वि. सं. २०३३, पृ. ५५

रुपमा चिन्न सकिन्छ । अब यस्ता जातिभित्र छुट्ने अन्य समूहलाई 'पाछा' भनिन्छ, जो एकै जातिभित्र पनि धेरै पाछाहरु हुन्छन् । तर, विभिन्न पाछाहरुमा भने जातीय मान्यताहरु हुँदैन । यस 'पाछा' भित्र पनि महिला र पुरुषलाई चिनाउने साङ्केतिक नामलाई 'साम्मे' भन्दछन् । साम्पाङ राईहरुको साम्मे पुरुषको 'बुँ:वाछा' (फूलको सन्तान) हो । यसमा मी जोडेर सम्मानार्थ शब्द 'बुँ:वाछामी' भएको र महिलाको 'बुँ:वाखामा' (फूलवारीको मालिक्नी/आमा) भन्दछन् । तर, आजभोलि यो शब्द अपभ्रंश हुँदै गएर पुरुषको साम्मेलाई बुक्छामी र महिलाकोलाई बुङ्खाम्मा भन्ने गरेको पाइन्छ । यसप्रकार सबै जातिमा राईहरुको 'पाछा' सामान्यतः सात पुस्तापछि वा वैवाहिक सम्बन्धपछि बदलिन्छ भने 'साम्मे' अपवादमा बाहेक कहिल्यै बदलिँदैन ।[३] गोत्रको मान्यता यो समाजमा पाइँदैन ।

राई समूहभित्रका विभिन्न जातिहरुले यस प्रकारको साम्मेलाई आ-आफ्नो भाषा र मान्यताअनुसार अलगअलग साङ्केतिक नामहरुबाट चिन्ने गर्दछन् । खालिङले 'दस्नङ', थुलुङले 'देप्चीनुङ', लोहोरुङले 'सामेक', याम्फूले 'छामेइ', चाम्लिङले 'सामेइ', कुलुङ र नाछिरिङले 'दप्सनीङ', बाहिङले 'दाप्स्नीङ', बान्तवाले 'सामेत' आदि ।[४] होम याम्फूका अनुसार याम्फूहरुमा प्रत्येक पाछाका छुट्टाछुट्टै चावा र सामेक हुने गर्दछ । जस्तो कि पाक्पुसा पाछाका चावा 'युमाचावा' र सामेक 'युङ्चाबा/युङ्चामा', केसा पाछाका चावा 'ओक्तोङ्वाचावा' र सामेक 'केसाबा/केसामा' र मेन्नवा पाछाका चावा 'रुदाङ्वाचावा' र सामेक 'केसबा-उङसाबा/ केसबा-उङसामा' हुन्छ ।[५] यहाँ चावा भन्नाले पानी हो र यो आदिमकालदेखि पानी खाने गरिएको स्थानको नाम हो । यसलाई साम्पाङहरु 'सखेवा सुबिवा' भन्दछन् । समग्रमा भन्नुपर्दा 'किरात' र 'राई' भन्नाले आफ्नै संस्कार, संस्कृति भएको एक जातीय समुदाय, 'जाति' भन्नाले जातीय मान्यता बोकेको एउटा जातिको समूह हो भने 'पाछा' भन्नाले एउटै जातिबाट छुटेको समूह हो र

---

[३]. स्थलगत अध्ययनमा आधारित ।

[४]. भूपध्वज थोमरोस, 'राई जाति र संस्कार', **गोरखापत्र दैनिक,** (चैत्र १३, २०६६), पृ. ७ ।

[५]. होम प्रसाद याम्फु, **एन इथ्नोग्राफिक स्टडी अफ याम्फु कम्युनिटी : अ केस स्टडी अफ नुन भिडिसि, इन द अपर अरुन भ्याली संखुवासभा डिस्ट्रिक,** (थेसिस, एम. ए.) (सोसिओ एन्थ्रोपोलोजी), पाटन मल्टीपल क्याम्पस) वि. सं. २०६५, पृ. ८९

'साम्मे' त्यस जातिको महिला-पुरुष चिनाउने एक साङ्केतिक संज्ञा हो । यो उनीहरुको जातीय परिचय हो । यो जातिको हरेक शुभ तथा अशुभ कार्यहरु गर्दा जाति, पाछा, साम्मे खुलाउनु अनिवार्य मानिन्छ ।

कसैले साम्मेलाई रक्त समूह त, कसैले गोत्र पनि भन्ने गरेको पाइन्छ । किरात राईअन्तरगत जाति अपरिवर्तनीय भए पनि पाछा बदलिने अर्थात् थप हुँदै जान्छ । पाछाको शाब्दिक अर्थ 'पा=बाबु, छा=छोरा वा सन्तान' हो भनिन्छ । पहिले मानिसहरुको सङ्ख्या कम भएका कारण कुटुम्बहरु पाइँदैन थियो । त्यसैले सात पुस्ता पुगेपछि एकै सन्तानमा पाछा छुट्याएर वैवाहिक सम्बन्ध कायम गर्ने मान्यता बसालेकाले पाछाहरु छुट्दै गएको भनी हुन् भनी स्थानीय बुढापाकाहरु बताउँछन् । आजभोलि पनि पाछा छुट्याउने चलन रहेको पाइन्छ । एकै जातिभित्र सात पुस्ता नपुगी कसैसँग बिहाबारी भएको खण्डमा र पुस्ता थाहा नभएमा पछि नयाँ पाछा छुट्याएर बाग्दान दिने चलन रहेको देखिन्छ । यसअनुसार एउटै जाति भए पनि धेरै पाछाहरु हुने र विपरीत पाछा भएपछि उस्तै जातिभित्र पनि सामाजिक रीतिस्थिति चल्ने चलन यो जातिमा रहेको पाइन्छ । तर, पाछा छुटेजस्तो गरी साम्मे भने छुट्टिने वा परिवर्तन हुँदैन । छोरीचेली माइतिमा बसुन्जेल माइतिकै जाति, पाछा तथा साम्मे हुन्छ र विवाह गरी गएपछि जुन जाति, पाछा र साम्मेसँग गएको हो, उसैसँग समाहित हुन्छ । अपवादमा एकै जातिभित्र पनि सामाजिक रीतिस्थिति कतैकतै साम्मे बेग्लै भएको पनि पाइन्छ । यसको कारण बसाइँ-सराइ भएको बुझिन्छ । साम्पाङ राईजातिमा पाइएका पाछा तथा साम्मेहरु निम्न प्रकार रहेका छन्[६]:

| जातीय समुदाय | जाति | पाछा | पुरुष तथा स्त्रीको) |
|---|---|---|---|
| किरात, राई | साम्पाङ | १. रेप्सुना | बुक्छामी, बुङ्खामा |
| | | २. छेतापी | बुक्छामी, बुङ्खामा |
| | | ३. पित्रुङ | बुक्छामी, बुङ्खामा |
| | | ४. बुल्तिम | बुक्छामी, बुङ्खामा |

[६]. स्थानीय व्यक्तिहरुसँग प्राप्त जानकारीमा आधारित ।

| | |
|---|---|
| ५. रङ्खम | बुक्छामी, बुङ्खामा |
| ६. समरुङ्जे | बुक्छामी, बुङ्खामा |
| ७. समारुङ् | रेयामा रेप्सुना |
| ८. तोरिहँ | बुक्छामी, बुङ्खामा |
| ९. तोमिहँ | बुक्छामी, बुङ्खामा |
| १०. बाह्रमुखी | बुक्छामी, बुङ्खामा |
| ११. दाम्रेवा | दाम्रेवादुवेना/हँछाबुरा, बुङ्खामा |
| १२. पँलुङ | दिखापा दिखामा |
| १३. रायेङ्गे | छँछमी छिखमा |
| १४. रदुखु | संगनी रुँवानी |
| १५. हदिखु | बुक्छामी, बुङ्खामा |
| १६. सहिसुद्ध | थाहा नभएको |
| १७. तमाङ्छा | बुक्छामी, बुङ्खामा |
| १८. दुमाङ्छा | बुक्छामी, बुङ्खामा |
| १९. दाम्रीछा | बुक्छामी, बुङ्खामा |
| २०. खिकाछा | थाहा नभएको |
| २१. नाम्नुहँ | बुक्छामी, बुङ्खामा |
| २२. इसारा | थाहा नभएको |
| २३. बेखुम | थाहा नभएको |
| २४. खाया | थाहा नभएको |

| | |
|---|---|
| २५. वाक्छाली | बुक्छामी, बुङ्खामा |
| २६. हिरादेउ | थाहा नभएको |
| २७. हलंछा | थाहा नभएको |
| २८. हँचम्छा | थाहा नभएको |
| २९. हिराहाङ | थाहा नभएको |
| ३०. मतिहाङ | थाहा नभएको |
| ३१. हाँङ्रुङ | थाहा नभएको |
| ३२. बेख्सुङ | थाहा नभएको |
| ३३. मारेम्लुङ | थाहा नभएको |
| ३४. बिराङ | थाहा नभएको |
| ३५. वासुङ्मा | थाहा नभएको |
| ३६. हुलुबुङ | थाहा नभएको |

यसरी साम्पाङ जातिभित्र समयक्रममा ३६ पाछाहरु विकसित भएको देखिन्छ । केही परिवर्तित साम्मेहरु छन्- समारुङ पाछाले 'रेयामा रेप्सुना', दाम्रेवाले 'दाम्रेवा दुवेना/हँछाबुरा बुक्छामी',[७] पँलुङ पाछाले 'दिखापा दिखामा', रायेङ्गेले 'छँछमी छिखमा' र रदुखुले 'संगनी रुँवानी' । यस्तै गरी तोरिहाङ पाछाभित्रै पनि फरक साम्मे बनेको देखिन्छ । वि.सं. १८३० तिर बासपानी क्षेत्रबाटै छुटेर जान बाध्य भएका तोरिहाङ पाछाकै एक भाइका सन्तानहरु दुर्छिम गाविस र हलेसी चुमाखुतिर बसोबास गर्नेहरुले साम्मे 'होछाली छाइता रेम्माडुङ खोखडुङ' भन्छन्[८] । दुर्छिम गाविसतिरकाले 'खुँखुँदो रेप्सुँदो थुंरेपा रेम्मायुङ' भन्ने गरेको पाइन्छ ।[९] यसरी एकै जातिका एउटै पाछाभित्र पनि अपवादमा छुटेको साम्मे पनि पाइन्छ ।

---

[७]. हाल ललितपुर जिल्ला, ल. पु. उ. म. न. पा. वडा नं. १४ निवासी **खिलबहादुर राई**को भनाईमा आधारित ।

[८]. खोटाङ जिल्ला, महादेवस्थान-चुमाकु रातमाटे निवासी कुवी **पृथ्वीबहादुर साम्पाङ राई**सँगको अन्तर्वार्तामा आधारित ।

[९]. खोटाङ जिल्ला, दुर्छिम-५ निवासी **केइसिं साम्पाङ राई**को भनाइमा आधारित ।

पाछाको सम्बन्धमा कतिपयले राना साम्पाङ, भालु साम्पाङ, रावाली साम्पाङ र कतै बाली तथा फाली साम्पाङ पनि भन्ने गरको पाइन्छ । तर, स्थलगत अध्ययनको आधारमा यिनीहरु पाछाको रुपमा नभएको बुझिन्छ । स्थानीय बुढापाकाहरुको भनाइअनुसार राना साम्पाङका पुर्खा परोपकारी स्वभावको हुँदा मौरीमा राना मौरीको जुन भूमिका हुन्छ त्यस्तै उनीहरुको भएकाले उनीहरु राना साम्पाङको रुपमा चिनिएका हुन् । अर्को, यो पाछाको होइन भन्ने आधार के हो भने राना साम्पाङ भनिने समूहमा धेरै पाछाहरु रहेको पाइन्छ । जस्तै तोरीहाङ, तोमिहाङ आदि छन् । साथै वंशपरम्परामा पनि पाछा छुट्टिएको आधार देखिनुपर्दछ । यसर्थ राना साम्पाङ भनेर वंशपरम्परामा पनि छुटिएको नपाइएकोले यो पाछा नभएर एक प्रकारको साङ्केतिक नाम मात्र देखिन्छ । यस्तै गरी भालु साम्पाङको पुर्खा क्रोधी स्वभावका हुनाले उनका सन्तान भालु साम्पाङ भएको जनधारणा छ । रानाको जस्तै भालुको पनि वंशपरम्पराबाट पाछा छुटेका आधारहरु पाइँदैन । यस्तै कसैले रावाली पाछा हो भन्ने गरेको भए पनि रावाली साम्पाङ पाछाको रुपमा देखिँदैन । यो शब्द साम्पाङहरुको आदिम थलो रावाखोला क्षेत्रमा भएको र यहाँबाट अन्यत्र बसाइँ क्रममा रावाखोलाको आधारबाट रावाली भनिएको अनुमान गर्न सकिन्छ । यसैले यो पनि पाछा नभएर ठाउँको आधारमा विकसित भएको देखिन्छ । समग्रमा भन्नु पर्दा पाछा छुट्टिँदा वंशपरम्परामा नाम आएको देखिनुपर्दछ र वंशपरम्परामा नाम छुटेको भए पनि आफ्नो मूलथलोसँग सम्बन्धित हुनुपर्दछ भन्ने मान्यता पाइन्छ ।

एकै जातिभित्र अनेकौं पाछा विकसित हुने प्रक्रिया यस जातिमा मात्र नभएर सबै जातिका राईहरुमा पाइन्छ । चाम्लिङ जातिमा सबैभन्दा बढी पाछा २५९, बान्तावामा २२, कुलुङमा २१ वटा रहेको बताइएको छ ।[१०] यस्तै पर्शुराम नाछिरिङका अनुसार उनीहरुमा ८९ पाछा रहेको पाइन्छ ।[११] यी दृष्टान्त हुन् । अन्य सबैजसो राईहरुमा साम्मे र पाछा छुट्टाछुट्टै छन् ।

साम्पाङ राईजातिको गोत्र कसैले ल्हासागोत्र र कसैले काशीगोत्र भन्ने गरेको पाइए पनि यसको पुष्टि हुने आधारहरु भने देखिँदैन । हिन्दू धर्मअन्तरगत वर्ण र जातिहरुमा मात्र गोत्र परम्परा छ । किरातहरु हिन्दूइत्तर मानिने भएकोले उनीहरुमा गोत्र विभाजन नभएको

---

[१०]. स्वामी प्रपन्नाचार्य, **प्राचीन किरात इतिहास,** (पाँचथर : किरातेश्वर प्रकाशन), वि.सं. २०५७, पृ. ३६९-३९४

[११]. बासपानी-५ निवासी **पर्शुराम नाछिरिङ राई**सँग रहेको संकलित विवरणबाट साभार ।

बुझिन्छ । यसरी गोत्रका मान्यता राख्नेहरु आफ्ना पुर्खाहरुलाई कसैले काशीक्षेत्रबाट त, कसैले ल्हासाबाट नेपाल प्रवेश गरेको मान्दछन् । तर, किरातहरुको प्राचीन बसोबासको आधारमा हेर्दा उनीहरु कुनै क्षेत्रबाट नेपाल प्रवेश गरेको नभएर यहीँका आदिवासी हुन् ।

**ग) वर्जन**

हरेक समाज, जातिमा पारिवारिक र सामाजिक बर्जनहरु हुने गर्दछन् । किरात साम्पाङ राई समाजमा पनि आदिम कालदेखि विभिन्न वर्जन रहेको पाइन्छ । राई समुदाय एउटै धर्म, संस्कार, संस्कृति, परम्परागत मान्यता तथा प्रथामा आधारित जस्तो देखिने भए पनि वास्तविकता यस्तो नभएर सबैको आफ्नै प्रकारका वर्जनहरु रहेको पाइन्छ । साम्पाङ राईहरुमा कुनै पनि नयाँ अन्नबाली पाकेपछि चुल्होमा नचढाइ खान हुन्न भन्ने मान्यता रहेको छ । यसैगरी बाखा-खसीको मासु खान नहुने मात्र होइन कि घरभित्र प्रवेश गराउन पनि नहुने मान्यता रहेको देखिन्छ । यसैगरी परिवारका सदस्यहरु शनिबार छुट्न नहुने र मंगलबार भेट्न हुँदैन, एकै दिनमा तीनतिर बास पर्ने गरी छुट्न हुन्न, बुधबार कुनै पनि सामानहरु कसैलाई दिन हुन्न, हिँड्ने बेलामा रित्तो भाँडाकुँडा बाटोमा राख्न हुन्न, एकसरो पातको टपराहरु प्रयोग गर्न हुन्न, खानेकुरा पस्कँदा वा दिँदा उल्टो अथवा देब्रे हातले दिन हुन्न जस्ता धेरै प्रकारका मान्यताहरु छन् । यस प्रकारका वर्जनहरु अन्य समाजभन्दा साम्पाङ राईहरुको फरक प्रकृतिको मानिन्छ । जसको उदाहरणको रुपमा साम्पाङ राईहरुको घरभित्र बाखा वा बाखाको मासु लान नहुने मान्यता छ भने वाम्बुले जातिका राईहरु बाखालाई कुनै वर्जित जनावर मान्दैनन् । अर्थात् बाखालाई घरभित्र विभिन्न मान्यताअनुसार पूजा गरेर मासु पनि खाने मान्यता रहेको देखिन्छ । यस्तैगरी परिवारका कुनै सदस्यहरुको मृत्युमा आशौच बार्ने क्रममा साम्पाङ राईहरुले जस्तो विभिन्न प्रकारका वस्तुहरु बारन गर्ने मान्यता अरुमा पाइँदैन ।[१२]

## ४.१.१ घर, परिवार र पारिवारिक बनौट

विशेष गरी पूर्वी नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने साम्पाङ राईहरुको आफ्नै विशेषता भएको गाउँघर र बसोबास छ । पहाडी क्षेत्रमा बसोबास गर्ने र सामान्य आर्थिक जीवन भएकाले उनीहरुको समाजमा आधुनिक प्रकारका सामानहरु (सिमेन्ट, छड, मार्बल

---

[१२]. स्थलगत अध्ययनमा आधारित ।

आदि) प्रयोग गरेर घर निर्माण गरेको प्रायः पाइँदैन । उनीहरुका घर प्रायः परम्परागत नै देखिन्छ । यस्ता घर साधारण काठ, बाँस, मालिङ्गो प्रयोग गरेर गोबर र माटो मिसाएर लिपिएका र चित्रा वा खरले छाएका एकतले हुन्छन् । यद्यपि यातायातको साधन, जीवनपद्धतिमा परिवर्तनको कारणले आधुनिक शैलीका घरहरु पनि निर्माण भएको पाइन्छ । घरहरु प्रायः दक्षिण मोहोडा पारी मूलढोका राखिएका हुन्छन् भने झ्याल पूर्वतर्फ बनाइएको हुन्छ । घरभित्र प्रवेश गर्नासाथ मूलकोठा पुगिन्छ, जहाँ अगेना र चुल्हो बनाइएको हुन्छ । यसलाई सामान्य खाना पकाउन मात्र नभएर आफ्ना कूलपितृको बासस्थान मानेर पूजा गर्ने गरिन्छ । ती चुल्होभन्दा केही उत्तरतिर दलिनमा एउटा छेम (मलिबाँसको भाटाहरुबाट बनाइएको सानो भारजस्तो) बनाइएको हुन्छ । त्यहाँ पितृहरुले बास गर्दछ भन्ने विश्वास गरेको पाइन्छ । यसैगरी अगेनादेखि सिधा माथि धँः (बाँस वा मालिङ्गोबाट तयार गरेको सराङ) झुन्ड्याइएको हुन्छ । सामान्यतः त्यहाँ अन्नपातहरु सुकाउने र खानेकुराहरु राख्ने गरिन्छ । यसअतिरिक्त घरको तलामाथि एक कुनामा पूर्वेदेउ इष्टदेव राखेर पूजा गरिन्छ । तर, यो पूजा उधौली-उभौलीमा वर्षको दुईपटक मात्र गर्ने गर्दछन् । दैनिक रुपमा विहान वा बेलुका पूजा गर्ने प्रकारको पूजाकोठा धेरैको घरमा पाइँदैन । नगण्य रुपमा कसैकसैले दुर्गा, लक्ष्मी आदि देवीदेवताको पूजा गर्ने गरेको पाइन्छ ।

साम्पाङ राईहरु घरको पछिल्लो कोठा र माथिल्लो तलामा खाद्यान्न राख्ने गर्दछन् । सामान्य रुपमा उनीहरुको आवास क्षेत्र लम्बाइ ५-६ मिटर र चौडाइ ३-५ मिटरसम्म हुन्छ । केही राम्रा घरहरुको लम्बाइ ६-७ मिटर र चौडाइ ४-५ मिटरसम्म हुन्छ भने आधुनिक घरहरुको बनावट ६-८ मिटर र चौडाइ ४-६ मिटरसम्मको पाइन्छ । यस्ता घरहरु पुराना मोडलमा बनाइने गरेको पाइन्छ ।

गाउँबस्तीमा घरहरु एकै ठाउँमा नभएर छुट्टाछुट्टै छरिएको पाइन्छ । उत्तरी भेगतिर एकदेखि अर्को घरको दूरी कम्तीमा ५ सयदेखि हजार मिटरसम्म रहेको पाइन्छ । केही दक्षिणी भेगतिर भने बाक्लो बस्ती पाइन्छ । घरहरुको दूरी ४००-५०० मिटरसम्म रहेको पाइन्छ । सबैको घरको आकारप्रकार प्रायः एकै हुन्छ । साम्पाङ राईको घरमा तीनवटा ढुङ्गाको चुल्हो हुन्छ । भनिन्छ कि ‘चुल्हो नभएको घर साम्पाङ राईकै होइन ।’ यसबाट चुल्हो साम्पाङ राईको ‘टोटम’ जस्तै भएको बुझिन्छ ।

गाउँघरमा सूचनाको आदानप्रदान सुसेली र आवाजहरुबाट हुने गर्दछ । यो साम्पाङ राईहरुको परम्परागत शैली हो । गाउँघरमा आपसी सद्भाव, सहयोग, मैत्रीभाव पाइन्छ । सहरीकरण, बसाइँ-सराइको कारणले परम्परागत मूल्यमान्यतामा असर पर्न थालेको देखिन्छ । यसबाट प्रथागत मान्यता र संस्कारगत कुराहरु जस्ताको त्यस्तै बचाएर राख्नमा समस्या देखापर्दै आएको देखिन्छ । परिवर्तन र समाजको विकासले एकातर्फ मानिसलाई सुविधा र सहज जीवनशैलीतर्फ उन्मुख गराएको पाइन्छ भने अर्कोतिर आफ्नो परम्परागत मान्यताका धर्म, भाषा, संस्कार, संस्कृतिजस्ता जातीय पहिचानका कुराहरुलाई संरक्षण गर्नुको साटो झन् चाँडै लोप हुनेतर्फ गएको देखिन्छ ।

मानिसहरुको जीवनमा सामाजिक र जातीय रीतिस्थितिको परिवारमा महत्वपूर्ण स्थान हुने गर्दछ । जुनसुकै समुदायको सामाजिक संरचना, जातीय संस्कार, रहनसहन, प्रथा, परम्पराजस्ता विषयहरु बुझ्नका लागि त्यस परिवारका सदस्यहरुबीच हुने सद्भाव, प्रेमको सम्बन्ध र आपसी व्यवहार महत्वपूर्ण हुने गर्दछ । यसकारण यहाँ साम्पाङ राई समाजको घरपरिवार र व्यवहारबारे चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

साम्पाङ राई समाजमा पनि अन्य जातिहरुमा झैं एकै ठाउँमा बस्ने, खाने, समूहमा कामकाज गर्ने, संयुक्त उपभोग, सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागी हुने चलन छ । आजभोलि यो जातिमा बाजे, बजै, आमा, बाबु, काका, काकी, सासू, ससुरा, छोरी, ज्वाइँ, छोरा, बुहारी, छोराछोरी, नानीनातिनी, पनाती, पनातिनीसहितको भएका बृहत् परिवार प्रायः पाइँदैन । संयुक्त र एकल परिवार मात्र पाइन्छ । परिवारमा उमेरअनुसार स्नेह, ममता, सम्मान यथोचित रुपमा पाइनु अन्य समाजजस्तै यो समाजको पनि विशेषता हो ।

घरपरिवारमा सबैभन्दा जिम्मेवार व्यक्तिको रुपमा बाबुको भूमिका हुने भए तापनि बाबुले कुनै निर्णय गर्नुपूर्व आमाको स्वीकृति लिने गरेको पाइन्छ । यस अर्थबाट हेर्दा घरमा आमा र बाबुको भूमिका संयुक्त रुपमा हुने गर्दछ । अर्थात्, यो समाजमा पितृसत्ता र मातृसत्ता दुवैको संयुक्त रुप देखिन्छ । परिवार आपसी समझदारीबाट सञ्चालन हुने मान्यता भएको देखिन्छ ।

घरपरिवार सँगै बसेर पनि छोरीहरुले छुट्टै निजी आर्जनका रुपमा कुनै काम, पशुपालन तथा आयआर्जनका काम गर्न सक्छन् । पारिवारिक सहयोग तथा प्रोत्साहनका लागि पहिले घरपरिवारले सामूहिक सम्पत्ति लगानी पनि गरिदिने गर्दछन् । छोरीचेलीले

गरेको निजी आर्जनमा कसैले पनि दावी, विरोध गर्दैनन् । घरपरिवारले गरिदिएको लगानी पनि फिर्ता गर्नु पर्दैन । यस्ता सम्पत्तिलाई 'छोरीचेलीको पेवापात' भन्ने गरिन्छ । यस्ता पेवाबाट जे जति आर्जन हुन्छ, ती सबै सम्पत्ति विवाहपछि घरमा लिएर जान पाउँछन् ।[१३] यसबाट यो जातिमा छोरालाई भन्दा छोरीहरुलाई आर्थिक स्वतन्त्रता दिने गरेको बुझिन्छ ।

किरात साम्पाङ राईहरुमा परिवार एकात्मक, संयुक्त र बृहत् रहेको पाइन्छ । तर, वृहत् परिवारको मान्यता पुरानो भैसकेको छ । वृहत् परिवारमा बस्दा परिवारका सदस्यहरुबाट आवश्यक सबैखाले सरसहयोग मिल्ने र अन्य जातिहरुलाई सहयोगको आग्रह गर्न नपर्ने भए पनि समाज संयुक्त र एकल परिवारतर्फ आकर्षित हुँदै गएको पाइन्छ । त्यसमा पनि एकल परिवारमा बस्न मन पराउनेहरुको सङ्ख्यामा बृद्धि हुँदै गएको पाइन्छ । साम्पाङ राईहरुको पारिवारिक स्थिति निम्न प्रकारको पाइन्छ :

**साम्पाङ राईजातिको पारिवारिक स्थिति**

| पारिवारिक विवरण | एकात्मक | संयुक्त | बृहद् | जम्मा |
|---|---|---|---|---|
| परिवार सङ्ख्या | ९४७ | ६०२ | १७२ | १,७२१ |
| जनसङ्ख्या | ५,०२७ | ३,०१६ | २,०१२ | १०,०५५ |
| औसत | ५.३० | ५.०० | ११.६९ | ५.८४ |

स्रोत : स्थलगत अध्ययनमा आधारित ।

यसरी साम्पाङ राईहरुमा एकात्मक परिवारमा बसोबास गर्ने परिवार ५५ प्रतिशत, संयुक्त परिवार ३५ प्रतिशत र बृहद् परिवारको संख्या १० प्रतिशत रहेको देखिन्छ । एकात्मक परिवारमा ५.३०, संयुक्त परिवारमा ५.००, बृहद् परिवारमा ११.६९ प्रतिशत जनसङ्ख्या अनुपात ५.८४ रहेको पाइन्छ । यसरी यो जातिमा एकात्मक परिवारमा

[१३]. स्थलगत अध्ययनमा आधारित ।

बसोबास गर्नेको सङ्ख्या बढी हुनु, संयुक्त परिवारको सङ्ख्या केही कम हुनु र बृहद् परिवारमा रहनेको सङ्ख्या सबैभन्दा कम हुनुमा नयाँ पिँढी एकल परिवारमा बस्न मन पराउनु, परिवारमा अभिभावकहरुको नियन्त्रणभन्दा स्वतन्त्र रहन इच्छा गर्नु नै देखिन्छ ।

**४.१.२ कार्य विभाजन**

अन्य जातिहरुजस्तै साम्पाङ राई परिवारमा पनि परिवारका सदस्यहरुको उमेर, लिङ्गअनुसारको जिम्मेवारी हुने गरेको पाइन्छ । यो समाजमा परिवारको संरक्षण, रेखदेख तथा व्यवस्थापन गर्नु आमा र बाबुको पहिलो दायित्व हो । घरमा के कस्ता कामहरु गर्ने, समाजमा कसरी व्यवहार चलाउने, घरमा पारिवारिक खर्च सञ्चालन कसरी गर्ने भन्ने विषयमा बाबु र आमाको संयुक्त सल्लाहअनुसार निर्णय हुन्छ । यसपछि परिवारका अन्य सदस्यहरुले उमेर र शारीरिक अवस्थाअनुसार काममा सहयोग पुऱ्याउने गर्दछन् । परिवारका कुनै सदस्यले आम्दानी गरेमा त्यो बाबु-आमालाई नै सुम्पने र बाबुआमाले आवश्यकताअनुसार खर्च गर्ने गरी व्यवहार चलाएको देखिन्छ । यसर्थ घरभित्रको काम होस् वा बाहिरको, छरछिमेकसँग सम्बन्धित होस् आमा र बाबुको, संयुक्त सहमतिअनुसार व्यवहार चलाउने गरेको पाइन्छ ।

कामको जिम्मेवारी छोराछोरीबीचमा खासै भेदभाव गरेको पाइँदैन । यसरी एकात्मक, संयुक्त वा बृहत् परिवारमा रहे पनि घरको प्रमुखको रुपमा बाबु र आमा रहने र उनीहरुले नै अन्य परिवारका सदस्यहरुलाई आवश्यकताअनुसार विभिन्न जिम्मेवारी तोक्ने गरेको पाइन्छ । जसमा बाजेबजैहरुको काम घरैमा बसेर सामान्य कामहरु विहान-बेलुका चुल्होमा आगो बालिदिने, घरको रेखदेख र व्यवस्थित गर्ने हुन्छ । उमेर पुगेकाहरु, छोराछोरीहरु खेतीपाती, पशुपालनको काममा खट्ने गर्दछन् भने साना ५-१५ वर्ष उमेरका बालबालिकाहरु दिनमा विद्यालय जाने, विहान-बेलुका र छुट्टीको समयमा अभिभावकहरुले भनेअनुसारको काममा सहयोग गर्ने गर्दछन् । पाँच वर्षभन्दा सानाहरु घरैमा खेलेर, आफूभन्दा सानाको हेरचहार गरेर, कुखुरा-सुँगुर हेरेर अभिभावकहरुलाई सहयोग गर्दछन् । चुल्होचौकोको काममा मुख्य गरी आमा, बुहारी तथा छोरीको भूमिका रहन्छ । विवाह गर्ने समय पुगेका छोराछोरीहरुको बिहेदानको कार्यमा मूलरुपमा आमाबाबुकै भूमिका रहने गर्दछ । छोरीचेली माग्न आएका कुटुम्बसँगको सम्बन्ध जोड्ने वा नजोड्ने भन्नेमा र छोराहरुलाई कस्तो कुटुम्बको छोरीचेलीसँग विवाह गरिदिने भन्ने विषयमा पनि आमाबाबुकै

भूमिका रहन्छ । आजभोलि छोराछोरीहरु आफूले रोजेको केटाकेटीहरुसँग प्रेमविवाह गर्ने चलन पनि बढ्दै गएको देखिन्छ । यसबाट परम्परागत मान्यतामा पनि परिवर्तनको सङ्केतहरु देखा पर्दै गएको छ ।

### ४.१.३ जीवन-दर्शन

साम्पाङ राई समाजमा आफ्नै परम्परागत मूल्यमान्यताहरु छन् । खास गरेर ईश्वर, आत्मा, परमात्मा, मोक्ष, पाप, पुण्य, जन्म र मृत्युसम्बन्धी उनीहरुका आफ्नै जातीय अवधारणा छन् । यी उनीहरुका आदिम पुर्खाहरुले छाडेर गएका मान्यताहरु हुन् ।

साम्पाङ राईहरु संसारमा मानिसलगायत अन्य सबै प्राणीहरु भगवान्कै इच्छाअनुसार जन्मेको र बाँच्ने कुरामा विश्वास गर्दछन् । एउटा सांसारिक फूलबारीमा केही जिम्मेवारी पूरा गर्नका लागि भगवान्को इच्छाअनुसार जन्म भएको र जिम्मेवारी सकिएपछि मृत्यु हुने विश्वास छ उनीहरुमा ।[१४] मृत्यु सहज हुनेहरु कुलपितृमा जान्छन् भने असहज मृत्यु हुनेहरुको आत्मा कुलमा जान सक्दैन । त्यस्ताको आत्मा सेहेँ (भूत, पिसाच) भई परिवारका जीवित सदस्यहरुलाई दुःख दिन्छ भन्ने विश्वास समाजमा रहेको पाइन्छ । यही विश्वासअनुसार कुबीहरुद्वारा सेहेँ मार्न लगाइन्छ । हिन्दूहरुमा जस्तो स्वर्ग र नर्कको मान्यता भने यो जातिमा पाइँदैन ।

**क) जन्म** : साम्पाङ समाजमा रहेको मान्यताअनुसार जन्म लिनु भनेको एक जीवबाट अर्को जीवमा रुपान्तरित हुनु हो । अर्थात् यस संसारमा जति पनि जीवहरु छन्, ती सबै एक जीवनबाट अर्को जीवनमा रुपान्तरण भैरहनुपर्दछ । उनीहरुमा एक जीवको अन्त्य हुने र आत्मा अर्को जीवको रुपमा उत्पत्ति भइरहने धारणा छ ।[१५]

**ख) विवाह** : साम्पाङ जातिमा विवाहलाई पनि जीवनको महत्वपूर्ण घटना र संस्कारको रुपमा लिएको पाइन्छ । उनीहरुले विवाहलाई आफ्नो वंशलाई निरन्तरता दिने संस्कारको रुपमा मानेको पाइन्छ । यसकारण उनीहरु विवाहलाई जीवनको महत्वपूर्ण कर्म मान्छन् ।

---

[१४]. स्थानीय भनाइमा आधारित ।

[१५]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)को भनाइमा आधारित ।

**ग) मृत्यु :** साम्पाङहरुको विश्वासअनुसार मानिस जीवित रहने आधार उसको शरीरमा रहने सातो र हंस हो । यदि सातोले छाडेमा वा कुनै भूतप्रेतले सातो लगिदिए वा केही गडबडी भएमा मानिस विरामी हुने विश्वास गर्दछन् । उनीहरु सातो र हंस दुवैले छाडेमा मृत्यु हुन्छ भनी विश्वास गर्दछन् । समयसमयमा आफ्ना कुवीहरुबाट मानिसहरुको सातो, हंस हेराएर दैविक उपचार गर्दै गर्नुपर्दछ भन्ने उनीहरुको मान्यता पाइन्छ । तर, उनीहरु मृत्युलाई भौतिक शरीर समाप्त भएर आत्माले अर्को जीवको रुपमा जन्म लिएर रुपान्तरित हुनु हो भन्दछन् । यस प्रकारले संसारमा जे जति जीवहरु छन्, ती सबैको रुप धारण गर्न जीवहरुको जन्म र मृत्युका प्रक्रिया चलिरहने कुरामा यिनीहरुको विश्वास रहेको छ । यसरी मानिसको मृत्युपछि आत्मा कुलमा गएकाहरु मानिसको जुनी पाउँछन् तर कुलमा नजानेहरुले मानिसको जुनी ढिलो पाउँछन् भन्ने पनि विश्वास गर्दछन् ।[१६]

**घ) पुनर्जन्म :** साम्पाङ राईहरुमा धार्मिक स्वभावका व्यक्ति र बालबच्चाहरु मृत्युपछि छिट्टै पुनर्जन्म लिन्छन् भन्ने मान्यता छ । यस्ता व्यक्तिहरुको जब मृत्यु हुन्छ र आफन्त, गाउँछिमेकमा नवजात शिशुको जन्म भएमा मृत आत्माले त्यहाँ पुनर्जन्म लिएको हो भनी विश्वास पनि गर्ने गरेको पाइन्छ । हिन्दूहरुमा मानव जीवन प्राप्तिका लागि ८४ लाख योनी पार गर्नुपर्दछ भन्ने र धार्मिक व्यक्तिले उच्च योनी प्राप्त गर्ने र बढी पाप गर्नेहरुले निच योनी प्राप्त गर्ने मान्यता पाइन्छ । तर, साम्पाङ राईहरुमा यस प्रकारको योनी पार गर्नुपर्ने तथा उच्च र निच योनीको कुरा पाइँदैन ।

**ङ) पाप :** पाप भन्नासाथ अरुलाई दुःख हुने काम गर्नु, हिंसा गर्नु, झुटो बोल्नु भन्ने बुझिन्छ । तर, साम्पाङ राईहरुमा आफ्नो कुललाई नमान्नु, देवीदेउराली नमान्नु, बाबु-आमाको सेवा नगर्नु, चोरी गर्नु, झुटो बोल्नु, अर्कालाई दुःख दिनु, आफ्ना अभिभावकको अर्तिउपदेश नमान्नुलाई पापकर्मको रुपमा लिइएको देखिन्छ । जङ्गली जनावरहरुलाई मारेर खानुलाई उनीहरु पाप मान्दैनन् । यसलाई उनीहरु जीवन गुजारामा आवश्यक सामान्य कर्म र चीजको रुपमा लिन्छन् । वर्तमानमा उनीहरु कृषि पेशामा लागे पनि प्राचीन कालमा आफ्ना पुर्खाहरुको मुख्य पेशा

---

[१६]. स्थलगत अध्ययनमा आधारित ।

शिकार नै थियो । यसलाई त्यसैको प्रभाव मान्न सकिन्छ । आफ्ना पूर्वजदेखि शिकार गरी जीवन निर्वाह गरेको कारणले आज पनि वर्षको कम्तीमा एक दिन जङ्गलमा शिकार खेल्न जानैपर्दछ भन्ने मान्यता उनीहरुमा रहेको पाइन्छ ।[१७] कसैले चोर्ने, ढाँट्ने जस्ता बद्मास काम गरेको खण्डमा उसलाई समाजमा ल्याएर कायम गराई अवस्थाअनुसार कारवाही पनि गर्ने गर्दछन् । तर, यस प्रकारको कार्य आफूले गरेको सहजै स्वीकार नगरेमा त्यस्तालाई समाजले माटो वा दुबो छुन लगाई कसम खुवाउँछन् । कसैको घरैमा यो कार्य गरिएको भए चुल्हो छुन लगाई आफूले गलत काम गरेको होइन भनी कसम खान लगाइन्छ । आरोपित व्यक्ति निर्दोष भए माटो, दुवो वा चुल्हो छुन तयार हुन्छ तर आफू गलत भएको भए त्यस्ता वस्तुहरु छुन मान्दैन । किनभने, गलत व्यक्तिले ढाँटेर अपराधी कार्यबाट वचनलाई यी वस्तुहरु छोएर निर्दोष हुन कसम खाएमा पापको फलको रुपमा ठूलो दैवी सजाय भोग्नुपर्दछ भन्ने यो जातिमा गहिरो विश्वास रहेको पाइन्छ ।

**च) पुण्य** : साम्पाङ राईहरुको धारणाअनुसार कुलपितृको राम्रो सेवा तथा पूजा गर्नु, प्रकृति (डाँडा, खोलानाला, भूमि, देवीदेउराली)को ध्यान तथा सेवा गर्नु, आफ्ना अभिभावकलाई सेवा र आदर गर्नु, दुःखमा परेकालाई सहयोग गर्नु जस्ता कुराहरुलाई पुण्य कर्म मान्ने गरेको पाइन्छ । साम्पाङहरुमा यो जुनीमा अर्काको भलाइ हुने कार्य गर्नु, कसैलाई दुःख नदिनु, कसैको जीउधनमाथि क्षति नपुऱ्याउनु र सधैँ अरुको भलाइका लागि काम गर्नु, गरिबलाई दानदक्षिणा दिनु नै पुण्य कार्य हो भन्ने धारणा पाइन्छ ।

**छ) मोक्ष** : साम्पाङ राईजातिको मान्यताअनुसार जीवित अवस्थामा धार्मिक कार्य गरिएअनुसार मृत्यु हुन्छ । तर, यसविपरीत कार्य गरेमा मृत्यु राम्रो हुँदैन । आफ्ना कुलपितृलगायत देवीदेउरालीहरुको राम्रो सेवा गर्नु, बाबुआमाको सेवा, सन्तानको हेरचाह राम्ररी गर्नुपर्दछ अनि मात्र मोक्ष पाउन सकिन्छ भन्ने धारणा उनीहरुमा रहेको देखिन्छ । तर हिन्दूहरुमा पुत्र प्राप्ति, पितृ ऋणबाट मुक्ति, धनसम्पत्तिको प्राप्तिलाई पनि मोक्ष भन्ने गरेको पाइन्छ । जब मानिसको यस संसारमा जन्म हुन्छ, पढाइलेखाइ गरी बिहे गरेर छोराछोरी जन्माउँछ र ठूला

[१७]. स्थानीय बुढापाकाहरुको भनाइमा आधारित ।


भइसकेपछि घरव्यवहारको सम्पूर्ण जिम्मेवारी उनीहरुलाई सुम्पेर सन्यासी जीवनमा पुग्छ, आत्मचिन्तन र ईश्वर भजन आर्यहरुले मोक्ष प्राप्त गर्छन् भनेर स्वामी प्रपन्नाचार्यले बताएका छन् ।[१८]

आफ्नो जन्मदेखि मृत्युसम्मका जीवन-दर्शनको आधार मुन्धुमलाई मान्ने साम्पाङ राई जातिमा धर्म, संस्कृति, भाषा, साहित्य, मिथक, इतिहास, राजनीति, सामाजिकलगायतका विषयहरु यिनै मुन्धुमभित्र रहेको विश्वास गर्ने गरेको पाइन्छ । यसबारेमा किरात सुनुवार लेखक लाल-श्याँकारेलु रापचाको मुन्धुम रेखाचित्रलाई उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । जो साम्पाङ राई जातिसँग मिल्दो मुन्धमभित्रका सवै आधार देख्न सकिन्छ ।[१९]

---

[१८]. प्रपन्नाचार्य, स्वामी, **वेदमा के छ ?,** (ललितपुर : साझा प्रकासन), (छैटौं संस्करण) वि.सं. २०६०, पृ. ८८

[१९]. लाला-श्याँकारेलु रापचा, “मौलाउँदो किराँती-कौंयच साहित्य सबल्टर्न राँको” **आदिवासी जनजाति जर्नल,** अंक ४, (२०६८), पृ. २२१ ।




संक्षेप र चिन्हः

भौजिर= भौतिक, जीव तथा रसायनशास्त्र

चचुवा= चलन, चुला, [सुतुलुङ] र चाड

= अनन्ता र बहुल सम्भावना

= चक्रीय दिशा घडी-सुईको विपरित

---

२०. साम्पाङ राईजातिको थप गरिएको।

२१. उही।

यसरी मुन्धुमभित्र मानवसमाजका इतिहास, धर्म, संस्कृति, परम्परा, प्रविधि, दर्शनलगायतका सवैखाले मूल्यमान्यताहरु निहित रहेको देखिन्छ ।

### ४.१.४ नाता-कुटुम्ब

अन्य समाज जस्तै साम्पाङ राई समाजमा पनि नाताकुटुम्ब र आफन्तहरुबीच सौहार्दपूर्ण सम्बन्ध रहेको पाइन्छ । यो जातिमा एउटा भनाइ छ, "कुलमा कुटुम्ब काजमा भाइ ।"[२२] यसको अर्थ हो कुलमा गरिने कामहरुमा कुटुम्ब (आफ्नो परिवारका लागि वैवाहिक सम्बन्ध गाँस्न मिल्ने परिवार)हरु चाहिन्छ र पारिवारिक जुनसुकै कामको लागि पनि दाजुभाइ एकजुट भएर सम्पन्न गरिनुपर्दछ । यो जातिभित्रकाहरुलाई एकै परिवारको जस्तो गरी व्यवहार गर्ने गरेको देखिन्छ । जस्तै, एकै जातिका नाताले मात्र आफ्नो घरको चुल्हो छुन हुने तर अन्य नाताकाले भने सामान्यतः छुन नहुने मान्यता छ । किनभने, चुल्होलाई आफ्ना पुर्खाको प्रतीक मान्ने र गैरसाम्पाङ जातिहरुले छोएमा आफ्ना पुर्खाहरु रिसाउने र उसलाई केही क्षति गर्ने वा विरामी हुने विश्वास पनि गर्दछन् । अरु जातिहरुले पनि बुझेकाले उनीहरु सधैं साम्पाङहरुको चुल्होबाट टाढै बस्ने गरेको देखिन्छ ।

साम्पाङ राईहरुमा सबैभन्दा नजिकको नाता एउटै पाछाका सदस्यलाई मान्ने चलन छ । यस्तो नातामा पनि विशेष गरी सात पुस्तासम्मकालाई वाँःतो (पुस्तौली नाता) भनेर चिनिन्छ । यस्ता वाँःतो (दाजुभाइ)हरुको नाता निम्न प्रकारका हुन्छन्[२३] :

पहिलो पुस्ताभित्र मूलघर अर्थात् बाबुआमाको घर = गाछीघर

दोस्रो पुस्ताभित्र बडाबा तथा काकाहरु = धिवाँःतो

तेस्रो पुस्ताभित्र बडाबा तथा काकाहरुतर्फको सन्तान = छिवाँःतो

चौथो पुस्ताभित्र बाजेको दाजुभाइतर्फको सन्तान = तोदुङ्वाँःतो

पाँचौं पुस्ताभित्र बराजुको दाजुभाइतर्फको सन्तान = लुम्दुवाँःतो

छैटौं पुस्ताभित्र चेप्जुको दाजुभाइतर्फको सन्तान = सिबीवाँःतो

सातौं पुस्ताभित्र खेप्जुको दाजुभाइतर्फको सन्तान = वाखिलवाँःतो

---

[२२]. वासपानी-३ का **नन्दबहादुर राई** (वर्ष ७२) को भनाइमा आधारित ।

[२३]. पाथेका-३, निवासी **दैवकेशर राई** (६८ वर्षीय)को भनाइमा आधारित ।

पहिलापहिला मानिसहरुको सङ्ख्या कम भएको कारणले वैवाहिक सम्बन्ध जोड्न कुटुम्बहरु पाइँदैनथ्यो । त्यसैले उसबेला सात पुस्ता नाघेपछि आफ्नै पाछाभित्र पनि नयाँ पाछा छुट्याएर विवाह गर्ने मान्यता रहेको बुझिन्छ । तर, आठौं पुस्तामा कुटुम्ब नचलाइएमा कहिल्यै पनि कुटुम्ब चलाउन हुँदैन भन्ने भनाइ पाइन्छ । जति पुस्तासम्म पनि आफ्नै कुल, दाजुभाइ मान्नुपर्दछ भन्ने धारणा पाइन्छ ।[२४] यस्ता आफन्त दाजुभाइको नाता केलाउने काम विशेष गरी वैवाहिक सम्बन्ध कायम गर्ने समयमा हेरिने गर्दछ । किनभने, सात पुस्ता पार नगरेकाहरुसँग वैवाहिक सम्बन्ध जोड्न वर्जित मानिन्छ । जसको घरको छोरीचेली कुटुम्बले विवाह गरी लैजान्छ, केटीको दिपा वा बँःव (ठूलो बुवा अथवा काका)को मुख्य भूमिका हुन्छ । उनलाई धिवाँःतो भनिन्छ । तर, छोरीचेलीहरुको वचन-बाग्दाता दिने क्रममा चाहिँ मामाको भूमिका महत्वपूर्ण हुन्छ ।[२५]

वाँःतोको नातापछि नजिकको नातामा एकै जातिकाहरु पर्दछन् । एकै जातिभित्र धेरै पाछाहरु भए पनि उनीहरुबीच भावनात्मक सम्बन्ध पाइन्छ । यो समुदायमा वैवाहिक सम्बन्धबाट कायम भएको सम्बन्धलाई सबैभन्दा उच्च महत्व दिएको पाइन्छ । त्यसैले आफ्ना छोराछोरीको विवाहबाट गाँसिएको साइनो ङाप्पा-ङाम्मा (सम्धी-सम्धीनी)हरु बीच ज्यादै सम्मानपूर्वक व्यवहार गरिन्छ । जसको कारण उनीहरु आपसमा भेटघाट गरिरहनुभन्दा पनि टाढा रहन चाहन्छन् । सामान्य परिस्थितिमा उनीहरुको भेटघाट तथा सम्पर्क हुँदैन ।

कमै मात्र घर-ज्वाइँ राख्ने चलन छ । तर, ती घरज्वाइँ छोरासरह मानिन्छन् । घरज्वाइँ राख्न वा बस्नका लागि केटाको आमाबाबुको हेरचाह गर्ने अरु दाजुभाइ हुनुपर्दछ र केटी एक्ली छोरी वा छोरीहरु भए पनि उनीहरुले बृद्ध सासू-ससुराको हेरचाह गर्न सक्ने अवस्था नभएमा मात्र घरज्वाइँ राख्ने र बस्ने गरेको देखिन्छ । बाबुआमाको शेषपछि हुने अपुताली सम्पत्ति तिनै छोरी र ज्वाइँले स्वतः उपभोग गर्न सक्ने सामाजिक हक हुन्छ ।

समाजमा कानुनी प्रक्रिया पुऱ्याएर प्रायः कसैले पनि धर्मपुत्र र धर्मपुत्री राखेको पाइँदैन । नगण्य सङ्ख्यामा अनौपचारिक रुपमा राख्ने गरेको पाइन्छ । यसरी कसैले धर्मपुत्र वा धर्मपुत्री राखेको भए उनीहरुलाई छोराछोरीसरह नै मान्ने गरेको देखिन्छ । छोरी राखिएको भए उसको विवाहमा वचन-वाग्दाता दिने र विवाहपछि पनि धर्मपुत्रीलाई आफ्नै छोरीसरह

---

[२४]. फेदी-२, **रत्नबहादुर राई** (८७ वर्षीय, हाल स्वर्गीय) )को भनाइमा आधारित ।

[२५]. स्थलगत अध्ययनमा आधारित ।

मान्ने गर्दछन् । यसैगरी धर्मपुत्रलाई पनि आफ्नै परम्परागत मान्यताअनुसार विवाह गरिदिएर छोरासरह अंश दिएर राख्ने गरेको दखिन्छ । धर्मपुत्र र धर्मपुत्रीलाई कुनै विभेद गरेको देखिँदैन ।

यसैगरी अर्को नाता मितको हो । विगतमा मितेरी साइनोको निकै महत्व थियो । यसलाई रगतको नातापछिको नजिकको नाता मान्ने गरेको देखिन्छ । तर, आजभोलि यो चलन हराउँदै गएको पाइन्छ । मितेरी सम्बन्धमार्फत् सन्तान कम भएकाहरुले आपसी सरसहयोगका निम्ति अर्को जातिकाहरुलाई पनि आफन्त बनाएर सामाजिक सङ्गठन बलियो बनाउन खोजिएको देखिन्छ तर आजभोलि हिमाल, पहाड, तराई जताततै जनसङ्ख्या बृद्धि भएकाले यस्ता नाता-सम्बन्ध असान्दर्भिक बन्दै गएको छ ।

मितसाइनोलाई अन्तरजातीय सम्बन्ध कायम गर्ने माध्यमको रुपमा पनि देखिन्छ । पहिलाको समाज निकै संकुचित रहेको थियो । एक जातिले अर्को जातिलाई हेर्ने दृष्टिकोण नकारात्मक प्रकृतिको थियो । यसलाई सामान्य बनाउन यस प्रकारको नाता जोड्ने गरेको मान्न सकिन्छ । मित लगाउन आफ्नो जातिभन्दा अर्कै जातिको हुनुपर्ने मान्यताबाट यो कुरा बुझ्न सकिन्छ । राई र राईबीचमा मित लागउन मिल्दैन । मित लगाइसकेपछि मितबीचको सम्बन्ध एकै परिवारसरहको मानिन्छ । यसले पनि अन्तरजातीय सम्बन्धमा ठूलो मदत गरेको छ ।

आफ्नै जातिहरुमा मात्र वैवाहिक नातासम्बन्ध जोड्दै आएको भए पनि आजभोलि शिक्षा, यातायात, सञ्चार, अन्तर्राष्ट्रिय प्रभाव, वैदेशिक रोजगारी, बसाइँ-सराइ, नयाँ पिँढीलगायतका कारणले पुराना प्रकारको नाताहरुको स्थानमा नयाँ र गैरकिरात राई जातिहरुभन्दा बाहेकका जातिहरुसँग पनि निकट सम्बन्धहरु विकसित हुँदै गएको देखिन्छ । यसबाट कतिपय पुराना कुराहरु समाजबाट हट्दै गएर नयाँ जीवनशैलीतर्फ समाज ढल्कँदै गएको छ ।

साम्पाङ राईहरुमा सम्बोधनवाचक शब्दहरु छन् । जस्तो कि पुरुषहरुलाई आफूभन्दा ठूलाले माया गरेर बोलाउँदा ‘सिबेः’ भन्छन् भने महिलाहरुलाई ‘खुसे’ भन्छन् । यो ‘बाबु-नानी’ भने जस्तै हो । यस्तै सानाले ठूलाहरुलाई सम्मानपूर्वक सम्बोधन गर्नुपर्दा ‘च्यौ’ शब्द जोड्ने गर्दछन्- पापाच्यौ, मामाच्यौ, फुपा-मुमाच्यौ । पापाच्यौलाई बुबाहरु हो ! भन्ने बहुवचनभन्दा पनि सम्मानको रुपमा बुझिन्छ । यस्तैगरी बहुवचन वा सम्मानबोधक शब्दमा

'...मी' जोडिन्छ- बुढापाकाहरुलाई लम्ल+मी=लम्लमी (अगुवाहरु), ताय+मी= तायमी (विद्धत्वर्ग), कुवि+मी= कुविमी (धामी बिजुवा) । यसरी सम्मानपूर्वक सम्बोधन गर्ने गरेको पाइन्छ । यसैगरी ठट्टामा बोलाउने सम्बोधनसूचक शब्दहरु पनि हुन्छन् । 'ङपा-ङमै' (सोल्टी-सोल्टिनी) साइनो पर्नेहरु आपसमा भेट हुँदा विहे गर्ने ठट्टा गर्दछन् । भिनाजुले सालीलाई पनि यसैगरी 'तिमी त मेरै हो नि' आदि जस्ता कुराहरु गरेर जिस्क्याउने गर्दछन् ।[२६]

### ४.१.५ अन्य समाजसँग सम्बन्ध

पूर्वी नेपालको पहाडी क्षेत्रमा स्थानीय शासक आपुंगी राजा रहेका साम्पाङ राईहरुको अन्य समाजसँगको सम्बन्ध राम्रै देखिन्छ । खेतीपाती, पशुपालनजस्ता कार्यहरुमा अन्य जातिहरुको सहयोग उत्तिकै आवश्यक पर्ने हुँदा सबै जातजातिहरुसँग राम्रै सम्बन्ध राख्ने गरेको पाइन्छ । यिनीहरुले थोरै भए पनि उत्पादन गर्ने घरेलु राडी, पाखी, कपडा, पशुपंक्षीहरु छिमेकी विभिन्न जातिहरुले खरिद गर्ने; साम्पाङहरुले पनि आफूसँग नभएका कुरा अन्य जातिहरुसँग किनेर वा ऐँचोपैचो चलाउनुपर्ने; गाउँसमाजमा विवाह, मृत्युसंस्कार, चाडपर्वहरुमा पनि एकले अर्कालाई सहयोग गर्ने कारणले पनि समुदायसँग आपसी सहयोग अनिवार्य भएको बुझिन्छ । उनीहरुको आपसी सम्बन्ध आफ्नो जातिहरुसँग मात्र सीमित नभएर समाजका सबैजसो जातिहरुसँग सम्मानजनक रहेको छ ।

### ४.१.६ साम्पाङ युवाहरुमा संस्कारप्रतिको झुकाव

यो जातिका युवाहरु आफ्नो परम्परागत धर्म, भाषा, संस्कृतिप्रति आस्था राख्ने र यसलाई रुढिवादी मानेर परिवर्तन गर्नुपर्दछ भन्ने गरी दुई धारमा बाँडिएको देखिन्छ । शहरबजारमा बसोबास गर्ने र अन्य समाजसँग बढी घुलमिल भएका युवाहरुमा आफ्नो परम्पराप्रति नकारात्मक धारणा जागेको पाइन्छ । उनीहरु धामी, झाँक्री र मुन्धुममा विश्वास गर्दैनन् । तर, गाउँमै हुर्केका र केही शिक्षित युवाहरु भने आफ्नो पुर्खाले छाडिदिएको अमूल्य सांस्कृतिक सम्पत्तिको रुपमा रहेको भाषा, संस्कृति तथा प्रथाहरु संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा जोड दिएको पाइन्छ । यसरी समग्रमा हेर्दा आफ्नो परम्परागत मान्यताप्रति सकारात्मक झुकाव राख्नेहरु बहुसंख्यक देखिन्छ भने सानो संख्यामा

[२६]. स्थलगत अध्ययनमा आधारित ।

नकारात्मक धारणा राख्नेहरु पाइन्छ । तथापि यो समुदाय अन्य जातीय मान्यताबाट पनि प्रभावित रहेका छन् । उनीहरु हिन्दू, बौद्ध तथा इसाईहरुको प्रभाव बढी पाइन्छ ।[२७]

## ४.२ आर्थिक जीवन

साम्पाङ राई समाजको आर्थिक जीवन सामान्य प्रकृतिको देखिन्छ । यो जातिको आर्थिक जीवनको आधार कृषि, पशुपालन, सामान्य घरेलु उद्योग नै रहेको देखिन्छ । यस्ता पेशागत कामहरु पनि एकै प्रकारको नभएर ठाउँअनुसार केही फरकफरक प्रकृतिको हुनु स्वभाविकै हो ।

### ४.२.१ पेशा-व्यवसाय

यो जातिले जीवन संचालनका लागि विभिन्न पेशा तथा व्यवसायहरु कृषि, पशुपालन, रोजगारी, घरेलु उद्योगहरु सञ्चालन गरेको पाइन्छ । समाजको अधिकांश जनजीवन कृषिमा निर्भर रहेको देखिन्छ । कृषि व्यवसायअन्तरगत विभिन्न प्रकारका अन्न, फलफूलहरुको उत्पादन गर्नु, पशुपालन गर्नु जस्ता पाइन्छ । यसरी उनीहरुले गर्ने व्यवसायलाई सामान्य रुपमा निम्नानुसार हेर्न सकिन्छ :

### ४.२.१.१ कृषि व्यवसाय

साम्पाङ राईहरुको आम्दानीको प्रमुख स्रोत खेतीपाती हो । उच्च पहाड अर्थात् लेकतिर आलु, मकै, फापर, जौ, उवा, कागुनी, गहुँ उत्पादन गर्ने गरेको पाइन्छ भने दक्षिणी बेँसीतिर धान, कोदो, गहुँ, मकै, आलु रहेको पाइन्छ । यस्तै आजभोलि कतैकतै नगदे बालीहरु अलैँची, अदुवा, बेसार आदि उत्पादनमा पनि ध्यान दिएको पाइन्छ । उनीहरु आफूले उब्जाएको अन्नबाट उपभोग गर्ने, बढी भएमा बिक्री गर्ने र नपुगमा अन्यत्रबाट खरिद गरेर पनि जीवन गुजारा गर्ने गरेको पाइन्छ । नयाँ प्रविधि, उन्नत जातका विउ र मल सहज रुपमा उपलब्ध नहुने भएकाले परम्परागत खेती प्रणालीमा बढी मेहनत गर्नुपर्ने तर मेहनतअनुसार कम आम्दानी हुने जस्ता समस्याहरु यथावत छन् । पशुपालनमा गाई, भैँसी, भेडा, बाखा, चौँरी, सुँगुर, कुखुरा मुख्य रहेका छन् । तर, यी पनि उन्नत जातिका नभएर स्थानीय प्रजातिको भएकाले उचित आम्दानीको स्रोत बन्न सकेको देखिँदैन ।

---

[२७]. स्थलगत अध्ययनमा आधारित ।

विशेषगरी गाई, भैँसीहरुबाट उत्पादन हुने दूध, घ्यू जस्ता खाद्यपदार्थहरुको उत्पादन न्यून हुने र त्यसअतिरिक्त बजारको पनि अभावका कारण यसको उपभोग परिवारमा मात्र सीमित देखिन्छ । अन्य पशुहरुको दाँजोमा भेडा पालन केही फाइदाजनक देखिन्छ । यसको ऊनबाट राडी, पाखी तयार गरी बिक्री-वितरण गर्दा आर्थिक लाभ हुने देखिन्छ । तर, ठूला चरनक्षेत्र पर्याप्त नभएका कारण पशुपालनप्रति युवाहरुको आकर्षण घट्दै गएका छ । यसले यो व्यवसाय पनि संकटमा पर्दै गएको छ ।

यसरी घट्दै गएको पशुपालनले उनीहरुको कृषि उत्पादनमा पनि प्रभाव पर्ने देखिन्छ । पशुपालनबाट प्राप्त हुने मलहरुको उत्पादनमा कमी आउनाले खेतीपातीमा ह्रास आउने निश्चित छ । यसबाट पनि साम्पाङ राई समाजमा आर्थिक संकट बढ्दै जाने देखिन्छ ।[२८]

### ४.२.१.२ नोकरी

खेतीपातीबाहेक सहायक पेशाको रुपमा युवाहरु नोकरीतर्फ पनि आकर्षित हुँदै गएका छन् । सरकारी तथा गैरसरकारी नोकरी पाउन उच्च शिक्षा हासिल गर्नु अनिवार्य छ । तर, साम्पाङ राईहरुका लागि पर्याप्त स्थानीय शैक्षिक संस्थाहरु छैनन् । सहरबजारमा गएर उच्च शिक्षा हासिल गर्नका लागि उनीहरुको आर्थिक तथा सामाजिक हैसियत कमजोर छ । यसकारण नोकरीतर्फ आकर्षण बढ्दै गएको भए तापनि न्यून सङ्ख्याका साम्पाङ राईहरुले मात्र सरकारी र गैरसरकारी निकायहरुमा सामान्य रोजगारी पाएका छन् ।

### ४.२.१.३ वैदेशिक रोजगारी

साम्पाङहरुको आर्थिक स्रोतको रुपमा वैदेशिक रोजगारीलाई पनि लिन सकिन्छ । यसमा पनि मुख्यगरी बेलायत र भारतीय मुलुकहरुका सैनिक सेवामा जानेहरुको आर्थिक अवस्थामा अरुको भन्दा निकै राम्रो छ । तर, यस्तो रोजगारीको अवसर ज्यादै न्यून सङ्ख्याका व्यक्तिहरुले मात्र पाउने भएकाले सबैको पहुँच सम्भव देखिँदैन । हाल विभिन्न विदेशी मुलुकहरुका अतिरिक्त रोजगारी गर्न जानेहरुको सङ्ख्या पनि बढ्दै गएको छ ।[२९] तर उचित शिक्षा, सिपमूलक दक्षता आदिको अभावका कारणले पनि धेरैले अवसर पाउन

---

[२८]. स्थलगत अध्ययनमा आधारित ।

[२९]. स्थानीय व्यक्तिहरुको भनाइमा आधारित ।

सकेका छैनन् । यस्तैगरी वैदेशिक रोजगारीमा जान धेरै पैसा लगानी गर्नुपर्ने भएकाले ग्रामीण भेगमा बस्नेहरुका लागि यो पनि असम्भवजस्तै बनेको छ । यो समाजका लागि वैदेशिक रोजगार आर्थिक उपार्जनको माध्यम बन्न सकेको देखिँदैन । कम सङ्ख्याका साम्पाङ राईहरु वैदेशिक रोजगारीमा गएका छन् । तर, सोचेजस्तो आर्थिक आम्दानी गर्न सकेको छैन ।

### ४.२.१.४ घरेलु उद्योग

साम्पाङ राईहरु परम्परागत रुपमा सामान्य घरेलु उद्योगहरु राडी, पाखी, खाँडीको कपडा बुन्ने गर्दछन् । यो आर्थिक उपार्जनभन्दा पनि आफ्नो पारिवारिक आवश्यकता पूरा गर्न मात्र सीमित देखिन्छ । तर, पशुपालनमा आएको संकटले भेडाबाट प्राप्त हुने ऊन, स्थानीय खेतीपातीबाट कपासको उत्पादन घट्दै गएको छ । एकातिर खाँडी कपडा लगानी र परिश्रमको हिसाबले निकै महँगो पर्ने, विभिन्न कम्पनीबाट उत्पादित आधुनिक प्रकृतिका कपडाहरुको प्रयोग सहज भएकाले पनि घरेलु उद्योगहरु वृद्धिभन्दा पनि लोप हुने लागेको छ । यसले गर्दा यो जातिको आर्थिक स्रोत जुटाउने माध्यम घरेलु उद्योग बन्न सकेको छैन । यसपछि आर्थिक स्रोत जुटाउने पेशा, व्यापार, व्यवसाय भए पनि विभिन्न प्राविधिक ज्ञान, सिप आदि कारणले यो आर्थिक स्रोतको आधार बन्न सकेको देखिँदैन । यसअनुसार किरात साम्पाङ राईहरुको आर्थिक जीवन सामान्य रुपमा चल्दै आएको छ ।[३०]

### ४.२.१.५ लोककला

यो समाजमा रहेका परम्परागत हातहतियारहरुमा धनुकाँड, गुलेली मट्याङ्ग्रा, खुँडा, तरबार, खुकुरी, खुर्पा, हसिया आदि हुन् ।[३१] यी सबै हातहतियारहरु पनि संस्कारसँग सम्बन्धित रहेको देखिन्छ । उदाहरणका लागि छेवरमा बालकलाई धनुकाँड र खुकुरी भिराइदिने चलन छ । यस्तै बालिकाको गुन्युचोलीमा गुन्युचोली लगाइदिएर खुरुम्मीसमेत कम्मरमा भिराइदिने गर्दछन् । विवाहको समयमा दुलाह पक्षको खुँडा जगाउने र दुलही पक्षको खुर्पा जगाउनु परम्परागत मान्यतामा पर्दछ ।[३२] यी संस्कारहरुमा यस्ता

---

[३०]. स्थलगत अध्ययनमा आधारित ।

[३१]. परम्परागत हतियारहरु धनु, काण, ढाल, चित्रफलक नं. ७२ ।

[३२]. खुँडा, खुरुम्बी, चित्रफलक नं. ७३ ।

हातहतियारहरुको प्रयोग भएन भने त्यो संस्कार विधिपूर्वक सम्पन्न भएको मानिँदैन । तर, वर्तमान अवस्थामा यस्ता हतियार बनाउन सक्ने दक्ष व्यक्तिहरुको अभाव छ । यसमा विशेष गरी साम्पाङ जातिका लागि महत्वपूर्ण मानिने खुँडा बनाउने दक्ष व्यक्तिहरु पाइँदैन । तर, यस्ता धनुकाणको प्रयोग गाउँसमाजमा प्रायः हटिसकेको देखिन्छ । यस प्रकारको हतियार बनाउन जान्नेहरुको पनि कमी हुन थालेका महसुस हुन्छ । कुनै संस्कारमा आवश्यक परेपछि मात्र पुराना धनुकाँडहरु खोजेर वा तत्काल धनुकाँडको नमुना मात्र बनाएर काम चलाउने गरेको पाइन्छ ।

प्राचीन पुर्खाहरुको पालादेखि नै यस्ता हातहतियारहरु प्रयोगमा ल्याइएको मिथकहरु पाइन्छ । किरातीहरु सुम्निमाको कोखबाट जन्मँदै यस्ता हातहतियारसहित जन्मेका हुन् पनि भनेको पाइन्छ । कसैले पारुहाङको शक्तिबाट यस्ता हतियारहरु प्राप्त गरेका हुन् भन्छन् । त्यस्तै अर्को मिथकअनुसार तिनै सुम्निमा-पारुहाङका सन्तान नोबेबाट एकलव्य हाङको जन्म भयो । एकलव्य जवान भएपछि उसलाई धनुर्वेदहरु सिक्ने इच्छा भयो । एकलव्य हाङ द्रोणाचार्यकहाँ पुगी आफू धनुर्विद्या सिक्न आएको बताए । तर, गुरु द्रोणाचार्यले त्यस्तो विद्या किरातहरुलाई सिकाउन नहुने जवाफ दिए । यसपछि एकलव्य जङ्गलमा गएर शिवलिङ्गको स्थापना गरी शिवजीको आराधना गरे । यसबाट शिवजी खुसी भै उनलाई दर्शन दिएर धनुर्विद्याबाट निपूर्ण बनाएका थिए भन्ने कथा छ ।

उता गुरु द्रोणाचार्यले अर्जुनलाई धनुर्विद्याको ज्ञान सिकाई निपूर्ण बनाइसकेका थिए । द्रोणाचार्यले अर्जुनको परीक्षा लिनका निम्ति जङ्गलमा एउटा कुकुर छाडिदिएका थिए । त्यो कुकुरले एकलव्यको एकाग्रतामा विघ्नबाधा गर्न थालेपछि एकलव्यले पनि कुकुरको मुखैभरि वाणैवाण हानेर छाडिदिए । कुकुरको मुखैभरि वाणैवाण देखेर गुरु द्रोणाचार्य अचम्मित भए । यो जङ्गलमा यस्तो महान् पुरुष को रहेछ भनेर अर्जुनलाई साथमा लिएर खोज्दै जाँदा एकलव्यलाई भेटाए । त्यसपछि द्रोणाचार्यले उनलाई भने- 'तिमीलाई मैले धनुर्विद्या नसिकाए पनि तिमी धनुर्विद्यामा निपूर्ण भएछौ । त्यसकारण मेरो शिष्य अर्जुनसँग वाण हान्न अगाडि सर ।' अर्जुन र एकलव्यबीच प्रतिस्पर्धा हुँदा अर्जुनले पाँच मिनेटमा हानिसकेको वाण एकलव्यले एकै मिनेटमा हानिदिए । यी कथाबाट किरातहरुको धनुवाणसँग धेरै अगाडिदेखि नै सम्बन्ध रहेको मान्न सकिन्छ । यसरी साम्पाङ राईहरुको हातहतियारसँग सम्बन्ध उत्पत्तिकालदेखि भएको भन्ने अनुमान हुन्छ ।

## सारांश

जाति तथा गोत्रबारे केलाउँदा साम्पाङ जाति किरात राई समुदायअन्तरगतको छुट्टै पहिचान भएको जाति हो । यसर्थ उनीहरुको चिनारी पहिलो किरात, त्यसपछि राई र राईअन्तरगत पनि विभिन्न जातिहरुमध्येमा साम्पाङ जाति भएको पाइन्छ । यस साम्पाङ जातिभित्र पनि विभिन्न पाछाहरु हुने गर्दछन् । हालसम्म ३६ पाछाहरु रहेको देखिन्छ । एकै जातिभित्र विभिन्न पाछा भएकाले विपरीत पाछाहरुबीच आपसी कुटुम्बेरी पनि हुने परम्परा रहेको छ । यी सबै पाछाभित्र स्त्री र पुरुषको सम्बोधनवाचक शब्द हुन्छ । जसअनुसार स्त्रीको बुङ्खाम्मा र पुरुषको बुक्छामी भनिन्छ । यो शब्द सवै पाछाको एउटै हुनुपर्ने भए पनि कतैकतै फरक भएको पनि पाइन्छ । यिनीहरुलाई कसैले ल्हासा गोत्र त कसैले काशी गोत्र भने पनि हिन्दूइत्तरका यो जातिको गोत्र हुँदैन । प्रयोगको आधारबाट हेर्ने हो भने तीनचुल्हो ढुङ्गा र चिण्डो हरेक धार्मिक तथा सांस्कृतिक पक्षसँग जोडिने भएकाले यो नै उनीहरुको गोत्र परिचय हो । पारिवारिक बनौटतर्फ विचार गर्दा मातृ वा पितृसत्ता अर्थात् आमा र बाबुको समान भूमिकाबाट पारिवारिक कार्यहरु सम्पन्न हुन्छ । पहिलापहिला वृहत् परिवारमा बस्दै आए पनि वर्तमानमा थोरै संयुक्त र बढी एकल परिवारतर्फ आकर्षित बन्दै गएको पाइन्छ । आफ्नै प्रकारको जीवनदर्शनमा विश्वास गर्ने यो जाति पहिलापहिला अन्य समाजसँग धेरै घुलमिल नहुने भए पनि वर्तमान परिवेशमा आफ्नो जातिबाहेक अन्य विभिन्न जातजातिहरुसँग उत्तिकै समान व्यवहार गर्न थालेको पाइन्छ । जीवन धान्ने आर्थिक स्रोतको प्रमुख आधार कृषि र अतिरिक्त आम्दानीको रुपमा स्वदेशी तथा वैदेशिक रोजगार रहेको छ । शिक्षा क्षेत्रमा धेरै अगाडि बढ्न नसकेको यो जातिको जीवनस्तर सामान्य रुपमा चलेको छ । विभिन्न हातहतियारहरुको निर्माण तथा प्रयोग गर्नु उनीहरुको सामाजिक आवश्यकता मात्र नभएर संस्कारसँग पनि सम्बन्धित छ ।